मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक


# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

अटोरिक्सामा रमेश-बन्दनाको मस्ती: पृष्ठ ६



◆ वर्ष : २५ ◆ अङ्क : ११९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ चैत ४ गते मंगलवार (Tuesday, March 17. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




## झापाका चार सडकलाई ६८ अर्ब

**बिर्तामोड, चैत ३।** ग्रामीण सडक सञ्जाल सुधार आयोजना (आरसीआइपी) अन्तर्गत झापाका चारवटा सडक निर्माणाधीन अवस्थामा रहेका छन् । एशियाली विकास बैंकको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा झापाका चारवटा सडक निर्माणाधीन रहेको ग्रामीण सडक सञ्जाल सुधार आयोजनाले जनाएको हो ।

सडक निर्माणको काम काठमाडौंको ललितपुरस्थित जेडसीजीटेक आशिष प्रेरा जेभीले गरिरहेको आयोजनाका झापा प्रमुख शम्भु कार्कीले बताए । २०७५ साल बैशाखबाट निर्माण शुरु भएका चार सडकहरुमा चारपाने-चैतुवारी-मोतीगढ-साधुकुटी- घोडामारा-राजगढ, अमलडाँगी-समयगढ-बाँसबारी - सोलमारी, खर्साङ्वारी-जलथल-मंगलवारे-बाहुनढोका-अधिकारी चौक रहेका छन् । चारवटै सडक पाँच वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता अनुसार अहिले सडक निर्माणको काम भइरहेको आयोजनाले जनाएको छ ।



निर्माण अवधि दुई वर्ष, त्रुटी सच्याउने अवधि एक वर्ष र कार्यसम्पन्नको आधारमा मर्मत दुई वर्षसम्म गर्नुपर्ने बताइएको छ ।

चारवटा सडक निर्माणका लागि ६७ अर्ब ९३ करोड ७९ लाख, ९९ हजार ५ सय ७४ रुपैयाँमा ठेक्का सम्झौता भएको हो । एशियाली विकास बैंकको ८० प्रतिशत र नेपाल सरकारको २० प्रतिशत लगानीमा सडक निर्माण भइरहेको आयोजनाले जनाएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गत ग्रामीण सडक सञ्जाल सुधार आयोजना सञ्चालनमा रहेको छ । आयोजनाले पाँच प्रदेशका १६ जिल्लामा काम गरिरहेको छ ।

एशियाली विकास बैंकको सहयोगमा निर्माणाधीन सडक निर्माण सम्पन्नसँगै कृषि उत्पादन क्षेत्र विकास कार्यक्रमलाई समेत सहयोग पुग्ने बताइएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार)ले निर्माण गरिएका सडकको सुधार गर्ने बताइएको छ ।

एडिबीले सडक निर्माण र उपआयोजनाहरु छनौट गर्दा सडकले सेवा दिने जनसंख्या, सडक आसपासमा बसोबास गर्ने वा सो भेगका जनताको सामाजिक, आर्थिक अवस्था, पूर्वाधार विकासको अवस्था र दातृ

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा स्वास्थ्य बिमा गर्ने महिला धेरै

**बिर्तामोड, चैत ३।** सन् २०३०सम्ममा सम्पूर्ण नागरिकलाई वित्तीय संरक्षण प्रदान गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने उद्देश्यले सरकारले शुरु गरेको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम झापामा प्रभावकारी देखिएको छ ।

२०७४ असोज २५ गतेदेखि झापामा शुरु भएको स्वास्थ्य विमा कार्यक्रममा आलू आर्थिक वर्षको चैत ३ गतेसम्ममा तीन लाख ९ हजार ५ सय ३९ जनाले स्वास्थ्य विमा गरेका छन् । स्वास्थ्य विमा गर्नेमा दमक नगरपालिका अग्रस्थानमा रहेको छ । गाउँपालिकातर्फ भने कमल गाउँपालिकाका धेरै सर्वसाधारणले स्वास्थ्य बिमा गरेको स्वास्थ्य विमा वोर्ड झापाले जनाएको छ ।

स्वास्थ्य बिमा गराउनेमा महिलाको संख्या धेरै रहेको वोर्डकी शाखा प्रमुख लक्ष्मी कँडेलले जानकारी दिइन् । उनका अनुसार एक लाख ६२ हजार ७ सय २४ जना महिलाले स्वास्थ्य विमा गराएका छन् भने एक लाख ४६ हजार सात सय ८८ जना पुरुषले स्वास्थ्य बिमा गराएका छन् । स्वास्थ्य विमा गराउँदा गत मंसीर मसान्तसम्ममा झापामा २२ करोड रुपैयाँ संकलन भएको र अहिले सम्ममा झण्डै २८ करोड रुपैयाँ संकलन भइसकेको कार्यालय प्रमुख कँडेलले जानकारी दिइन् ।

चालू आर्थिक वर्षमा कति जनाले कति रुपैयाँ बरावरको स्वास्थ्य बिमा गरेका छन्, त्यसको रेकर्ड वर्षको अन्त्यमा मात्रै निकालिने हुँदा कति विमा रकम संकलन भयो यकिन तथ्याङ्क छैन्- कँडेलले भनिन्- अहिले झापामा २८देखि ३० हजारको हाराहारीमा ज्यष्ठ नागरिकको विमा राज्यले गरिदिएको छ, उनीहरुको राजश्व राज्यले नै तिर्ने हुँदा बिमित रकम यकिन हुन्न ।

स्वास्थ्य विमा गर्नेहरुमा दमक नगरपालिकामा ६४ हजार ६ सय २२ जना, गौरीगञ्ज गाउँपालिकामा ६ हजार २१ जना, अर्जुनधारा नगरपालिकामा २१ हजार सात सय ५० जना, भद्रपुर नगरपालिकामा २२ हजार सात सय ८१ जना, बिर्तामोड नगरपालिकामा ३५ हजार ९८ जनाले स्वास्थ्य बिमा गरेका छन् ।

त्यस्तै बाह्रदशी गाउँपालिकामा ८ हजार चार सय ८९ जना, बुद्धशान्ति गाउँपालिकामा १२ हजार सात सय ९०, गौरादह नगरपालिकामा २२ हजार ५ सय २७ जना, हल्दिवारी गाउँपालिकामा ९ हजार ६ सय ७९ जना, झापा गाउँपालिकामा ६ हजार सात सय ६९ जना, कचनकवल गाउँपालिकामा सात हजार ७ सय १५ जना र कमल गाउँपालिकामा २३ हजार ६ सय ९३

*(बाँकी अन्तिम पृष्ठमा)*

Mukunda Upreti is with Durga Prasain.
Yesterday at 6:53 PM

#B&C hospital

स्वास्थ्य विमा र B&C अस्पताल, अराजक नर्सको व्यवहार, विमाको कार्ड देख्यो कि डाक्टर छैनन् भन्ने व्यवहार, सामान्य टेष्टको रिपोर्ट ३ दिन लाग्ने रे। औषधि त झन् पाइन्न, ओपीडीको विजोग अवस्था, विरामीको विजोग। सुविधा भएको अस्पताल त भयो तर सुविधा लिने विरामी कोही सन्तुष्ट छैनन्।

प्रशासन मौन छ। मिडिया त धेरै छन् झापामा। तर नजर पुग्या छैन वा बेवास्ता गरियो वा अरुनै केही छ मिडियालाई ? खचाखच भीडभाड छ। अस्पतालले १०० जनाको मात्र ओपीडी पूर्जा काट्छ। नपत्याए एक दिन स्वास्थ्य विमाको कार्ड लिएर B&C जानुस्। पूर्वको सुविधा सम्पन्न वीएण्डसी अस्पतालले दिने यही खालको सेवा हो भने साख जोगाउन मुस्किल छ। म जे गर्छु नेपालमै गर्छु भन्ने महान सोच राखी आम नेपालीलाई नेपालमै केही गर्न सकिन्छ भन्ने सकारात्मक ऊर्जाको सञ्चार सन्देश दिने राख्ने आदरणीय दाजु दुर्गा प्रसाईं ज्यूलाई सलाम गर्छु र ध्यान पुऱ्याउन आग्रह गर्छु।

नत्र बाटोबाट देखिने ठूलो होर्डिङ बोर्डमा 'म जे गर्छु नेपालमै गर्छु' भन्ने बोर्डको अर्थ हुन्न। सरकारले एक लाखसम्मको निःशुल्क उपचार गर्ने भनेर विमा गराएर मात्र हुँदैन सेवा प्रदायक अस्पतालले दिने सेवाको निगरानी पनि गर्न जरुरी छ। नत्र स्वास्थ्य विमा आम जनतालाई के काम ? आशा गरौं B& C हस्पिटल निजी क्षेत्रमै उदाहरणीय, जनताको मनको अस्पताल बनोस् शुभकामना। - *सामाजिक सञ्जालबाट*



### स्वास्थ्य विमा गराउनु तेस्रो, चौथो दर्जाको नागरिक हुनु हो ?

**झापा, चैत ३।** सत्तारुढ नेकपाका प्रदेश १ सांसद गोपाल बुढाथोकीले स्वास्थ्य विमा गरेका नागरिकमाथि भइरहेको विभेद अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

आइतवार प्रदेश १ संसदको बैठकमा विशेष समय लिएर बोल्दै बुढाथोकीले जनस्वास्थ्यका क्षेत्रका सवाल उठाएका थिए । कोरोना आतंकमा सजगता अपनाउन माग गर्दै उनले सतर्कता अझै नपुगेको बताए । त्यस्तै स्वास्थ्य विमामा भएको विभेदको अनुगमन गर्न माग उनले माग गरेका थिए ।

'स्वास्थ्य विमा गर्नु भनेको तेस्रो-चौथो दर्जाको नागरिक हुनु हो ?'- सांसद् बुढाथोकीले भने- 'होइन भने, स्वास्थ्य विमा गरेका नागरिकलाई अस्पताल र स्वास्थ्यकर्मीले किन फरक र दुर्व्यवहारकै हदमा व्यवहार गर्छन् ? सरकारले कि यो सेवा नै बन्द गरोस्, होइन भने गरीब नागरिकमाथि भइरहेको अन्याय सरकारले

*(बाँकी अन्तिम पृष्ठमा)*

## चुम्बन, हात मिलाउनुको सट्टा 'नमस्कार'

**झापा, चैत ३।** के तपाईं आफन्तसँगको भेटघाटमा चुम्बन, अङ्कमाल वा हात मिलाउँदै हुनुहुन्छ ? त्यसो हो भने झुक्किएर पनि त्यसप्रकारको क्रियाकलाप नगर्नुहोस् । त्यसो गर्दा तपाईं वा तपाईंका आफन्तजनलाई पनि कोभिड-१९ अर्थात् नयाँ कोरोना भाइरसको सङ्क्रमण हुनसक्छ ।

चीनबाट शुरु भएको उक्त भाइरस नियन्त्रण गर्न सबै देशले विभिन्न उपाय अपनाएका छन् तर सङ्क्रमण र त्यसबाट हुने मृत्युलाई रोक्न सकिएको छैन । अहिले चीनमा सङ्क्रमणको दर घटेको छ भने युरोप महामारीको केन्द्रविन्दु बन्दै गएको छ ।

आइतवार जोन्स हप्किन्स विश्वविद्यालय (वाल्टिमोर, अमेरिका) ले सार्वजनिक गरेको तथ्याङ्क अनुसार हालसम्म १५० देशमा कोरोना भाइरसको सङ्क्रमण फैलिसकेको छ भने एक लाख ५६ हजार चार सय ४५ व्यक्तिमा सङ्क्रमण देखिएको छ । हालसम्म पाँच हजार ८३३ व्यक्तिले ज्यान गुमाइसकेको भए पनि नेपालमा एक व्यक्तिमा बाहेक सङ्क्रमण नदेखिएको र सङ्क्रमणमा रहेका उक्त व्यक्ति निको भई घर फर्किसकेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकूले जनाएको छ ।

कोरोना भाइरसले आफन्त, गरीब, धनी, सानो-ठूलो, अग्लो-होचो, स्त्री-पुरुष, हिमाल-पहाड-तराई, गाउँ-शहर, धामीझाँक्री-चिकित्सक, किसान, उद्योगी-व्यापारी, शिक्षक, विद्यार्थी केही भन्दैन । यो रोगको सङ्क्रमणबाट जोगिन आफन्तसँग शुरुमा भेटघाट वा बिदाइमा गरिने चुम्बन, अङ्कमाल र हात मिलाउनुको सट्टा दुवै हात

*(बाँकी अन्तिम पृष्ठमा)*

### १० लाख ८ हजार थान मास्कसहित पाँच जना पक्राउ

**काठमाडौं, चैत ३।** मास्क कालोबजारी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा पाँच जनालाई १० लाख ८ हजार थान मास्क र बा७च ७२६३ नम्बरको गाडीसहित प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा ओखलढुङ्गा, खिजादेबी गाउँपालिका-१ घर भई ललितपुर ईमाडोल बस्ने ३० वर्षीय टेकराम श्रेष्ठ, बारा गढीमाई उपमहानगरपालिका-२ घर भई हाल काठमाडौं कपन बस्ने ३४ वर्षीय सञ्जय रेग्मी, चितवन टाँडी नगरपालिका-१ घर

*(बाँकी अन्तिम पृष्ठमा)*

### अब विद्यालय समय ९-४ !

**झापा, चैत ३।** नयाँ शैक्षिक सत्रदेखि देशभरका विद्यालय विहान ९ बजेदेखि ४ बजेसम्म सञ्चालन गर्न सरकारले तयारी थालेको छ । अहिले देशभरका विद्यालय १०-४ बजेसम्म सञ्चालनमा छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नयाँ शैक्षिक सत्रदेखि बिहान ९ बजेदेखि ४ बजेसम्म विद्यालय सञ्चालन गर्न/गराउन शिक्षा मन्त्रालयलाई निर्देशन समेत दिएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव महेशप्रसाद दाहालले यो निर्णय देशभर र सबै विद्यालयहरुमा लागू गर्ने कुरामा छलफल भइरहेको बताए ।

विद्यालय र अन्य कार्यालयहरु खुल्ने-बन्द हुने समय समान छ । अर्थात् निजी हुन् वा सरकारी सबै कार्यालयहरु प्रायः १० बजे खुल्ने र चार वा पाँच बजे बन्द हुने गर्दछन् । कार्यालय समय समान हुँदा सडकमा सवारी साधनको चाप बढ्ने र ट्राफिक जामको समस्या पनि हुने निष्कर्षसहित विद्यालय समय हेरफेर गरिएको अधिकारीहरु बताउँछन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **चैत ७ र ८** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**

बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

## फुटबल खेलाडीको हत्या

**झापा, चैत ३।** खुकुरी प्रहारबाट सल्यानमा एक फुटबल खेलाडीको हत्या भएको छ । उनी त्रिवेणी गाउँपालिका अध्यक्षका छोरा हुन् ।

गाउँपालिका अध्यक्ष मानबहादुर

*(बाँकी अन्तिम पृष्ठमा)*

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**न्यूटन्स् एजुकेशन एकाडेमी**

बिर्तामोड-५, झापाको

**बिद्यार्थी Admissionका लागि फाराम वितरण सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७ का लागि **प्रि-प्राइमरी (नर्सरी) देखि कक्षा आठसम्म** सीमित सिटहरुमा मिति **२०७६ चैत्र १ गतेबाट भर्ना फारम खुल्ला गरिएको** जानकारी सम्बन्धित अभिभावकज्यूहरुमा जानकारी गराइन्छ ।

**नोट :** १. भर्ना फाराम (Admission Form) १० बजेदेखि ३ बजेभित्रमा अफिसबाट प्राप्त गर्न सकिने ।
२. प्रवेश परीक्षा ( २०७६ चैत्र २१ गते शुक्रवार दिनको ११ बजेदेखि १२ बजेसम्म ।

थप जानकारीको लागि सम्पर्क – अफिस ०२३५४०१९६, ९८४२६२३९०४, ९८४४६०९१०६, ९८४१५६४८७४, ९८४९६०७०२९
www.facebook.com/newtoneducationacademy
Notice Board (Audio Service) : 1618023540196



# चूडामणिको अटोरिक्सामा रमेश-बन्दनाको मस्ती



**बिर्तामोड, चैत ३।** झापाको बिर्तामोडमा रहेको सूर्योदय टेलिभिजनका समाचार प्रमुख तथा मोडल रमेश तिवारी र मोडल बन्दना आचार्य (बेबो) द्वारा अभिनित म्युजिक भिडियो सार्वजनिक गरिएको छ ।

बिर्तामोडमा सोमबार एक कार्यक्रमकाबीच हलेसी ट्रेड लिंकका प्रबन्धक चूडामणि पौडेलको ‘अटो रिक्सामा’ नामक म्युजिक भिडियो सार्वजनिक गरिएको हो । बिर्तामोडका युवा व्यवसायी पौडेलले दर्जनभन्दा बढी गीतको रचना गरिसकेका छन् ।

गायक सन्तोष सिवाको स्वरमा रहेको म्युजिक भिडियोमा टीका भण्डारीको संगीत रहेको छ । निर्माता पौडेलको रचनामा तयार पारिएको म्युजिक भिडियोको निर्देशन शंकर कोइरालाले गरेका हुन् । भिडियोलाई झापा, काठमाडौं र चितवनका विभिन्न भूगोलमा छायाङ्कन गरिएको बताइएको छ ।

भिडियोमा मोडल तिवारीलाई अटो ड्राइभरको रुपमा देख्न सकिन्छ । विदेशिएर दुःख गर्नुभन्दा नेपालमै बसेर पनि केही गर्न सकिन्छ भन्ने सन्देश म्युजिक भिडियोमार्फत दिइएको छ । भिडियोमा रमेश र बन्दनाको प्रेमलाई झल्काइएको छ ।

तेह्रथुमको छातेढुङ्गामा जन्मिएका तिवारीले दुई दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेका छन् । हाल उनी बिर्तामोडमा बसोबास गर्दै आएका छन् । अग्रज पत्रकार एवम् कार्यक्रमका प्रमुख अतिथि चन्द्र भण्डारीले म्युजिक भिडियो पर्दामा प्रकाशन गरेर ‘अटो रिक्सामा’ म्युजिक भिडियो औपचारिक रुपमा सार्वजनिक गरेका हुन् ।

निर्माता पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष तारामणि सापकोटा, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, उपाध्यक्ष राजु न्यौपाने, गायक सन्तोष सिवाले बोलेका थिए । कार्यक्रमको सञ्चालन पत्रकार तिलक योञ्जनले गरेका थिए ।

## झापामा ...

जनाले स्वास्थ्य बिमा गराएका छन् ।

यसैगरी कनकाई नगरपालिकामा १८ हजार तीन सय ९३ जना, मेचीनगर नगरपालिकामा २४ हजार एक सय ७१ जना र शिवसताक्षी नगरपालिकामा २५ हजार तीन सय ४५ जनाले स्वास्थ्य विमा गराएको शाखा प्रमुख कँडेलले जानकारी दिइन् । उनका अनुसार दैनिक स्वास्थ्य विमा गर्नेको संख्या वृद्धि भइरहेको छ ।

सरकारले प्रतिपरिवार ३ हजार ५ सय रुपैयाँमा पाँच जनासम्मको स्वास्थ्य विमा गर्दै आएको छ । झापामा स्वास्थ्य विमा गराएकाले जिल्लाका २१ वटा अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा एक वर्षसम्म एक लाख रुपैयाँसम्मको निःशुल्क स्वास्थ्य उपचार प्राप्त गर्ने बताइएको छ ।

झापामा स्वास्थ्य बिमा गरेका सर्वसाधारणले मेची अस्पताल, वीएण्डसी अस्पताल बिर्तामोड, आम्दा दमक, मेची आँखा अस्पताल बिर्तामोड, धुलाबारी प्राथमिक स्वास्थ्य केन्द्र, शनिश्चरे, बनियाँनी, सुरुङ्गा, शिवगञ्ज, खजुरगाँछी स्वास्थ्य केन्द्र, लाइफलाइन अस्पताल दमक, दमक अस्पताल, एड्भान्स मल्टिस्पेसियालिटी दमक, कनकाई अस्पताल बिर्तामोड, दृष्टि आँखा अस्पताल बिर्तामोड, ओम मेची अस्पताल, बिर्तामोड आँखा अस्पताल, निम्स अस्पताल दमक, मेची नेत्रालय काँकरभिट्टा, दमक हस्पिटल एण्ड रिसर्च सेन्टरमा सेवा पाउने बोर्डले जनाएको छ । नेपालका ५२ जिल्लामा यो कार्यक्रम लागू छ ।

झापाका प्राथमिक स्वास्थ्य केन्द्रसहित २१ वटा स्वास्थ्य संस्थामा बिमा कार्यक्रम लागू गरिए पनि अधिकांशले बिर्तामोडमा रहेको वीएण्डसी अस्पताललाई उपचारका लागि रोज्ने गरेका छन् । जसका कारण विएण्डसी अस्पतालमा स्वास्थ्य जाँच गराउने बिरामीको चाप उच्च रहेको पाइएको छ ।

कोरोनाको संक्रमण विश्वव्यापी रुपमा फैलिएको सन्त्रासका कारण अहिले झापाका सबैजसो अस्पतालमा स्वास्थ्य जाँच गराउन जानेको संख्या उच्च छ । त्यसमा पनि विमा कार्यक्रम लागू भएका अस्पतालमा उपचार र स्वास्थ्य जाँच गराउनेका कारण अस्पताल बिहानैदेखि खचाखच हुँदै आएको छ ।

वीएण्डसी अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीका अनुसार अस्पतालमा चैत १ गते ११ सय, २ गते १४ सय र ३ गते १३ सयभन्दा बढी बिरामी स्वास्थ्य जाँचका लागि आएका थिए । उनले भने- सबैलाई सेवा दिनुपर्ने हुन्छ, अस्पतालमा स्वास्थ्य विमा लागू गरेपछि परीक्षणका लागि समस्या उत्पन्न भएको छ । एक जना डाक्टरले दिनभरमा कति जनालाई सेवा दिने- प्रतिप्रश्न गर्दै उनले भने - सरकारी अस्पतालहरुले आफूलाई ‘रेफरल सेन्टर’ बनाउँदा विएण्डसी अस्पतालमा बिरामीको चाप बढ्यो ।

सरकारी स्वाथ्थ्य संस्थामा आएका बिरामीलाई सामान्य जाँच पनि नगरी सोझै वीएण्डसी अस्पताल रेफर गर्ने धेरै पीएचसी छन्- गिरीले भने - प्रथम विन्दूले सामान्य परीक्षण गरेर विरामी रेफर गर्ने हो भने आधा भीड हटेर जाने थियो । अहिले अस्पतालमा खुट्टा टेक्ने ठाउँ छैन ।

अस्पतालमा विरामीको अत्यधिक चाप बढेपछि अहिले प्रवेशद्वारमै परीक्षणका लागि थर्मल गन राखिएको छ । एक सय डिग्री तापक्रम भएका बिरामीहरुलाई छुट्टै उपचार गर्ने व्यवस्था मिलाएका छौं ।

वीएण्डसी अस्पतालले स्वास्थ्य विमा शुरु गरेसँगै झापामा स्वास्थ्य विमा गर्नेको संख्यामा वृद्धि भएको बताइएको छ । स्वास्थ्य बिमा वोर्डको तथ्याङ्क अनुसार झापामा प्रदेशमै धेरै सर्वसाधारणले स्वास्थ्य विमा गरेका छन् ।

सरकारी अस्पताल रेफरल सेन्टर बनेका कारण विमा गरेका बिरामीलाई वीएण्डसीमा सहज रुपमा सेवा दिन समस्या हुँदै आएको वीएण्डसी अस्पतालका सञ्चालक दुर्गा प्रसाईले बताए । झापामा स्वास्थ्य विमा गरेका ७५ प्रतिशत मानिस वीएण्डसी आउँदा थाम्नै गाह्रो भयो- प्रसाईले भने- स्वास्थ्य विमा वोर्डले अस्पताललाई सहज रुपमा समयमै पैसा पनि उपलब्ध गराउन सकिरहेको छैन । सेवा भने हामीले जतिसक्दो छिटो र छरितो ढंगले दिनुपरेको छ ।

## चुम्बन ...

जोडेर नमस्कार गर्नु नै उत्तम हुनेछ । यसबाट अभिवादन गर्ने व्यक्ति र स्वीकार गर्ने दुवैको हित हुनेछ ।

कुनै व्यक्तिलाई कोरोना भाइरसको सङ्क्रमण रहेछ भने चुम्बन गर्दा श्वासप्रश्वासबाट, अङ्कमाल वा हात मिलाउँदा छालाको स्पर्शबाट कोरोना भाइरस सर्न सक्छ । त्यसैले चिकित्सकले चुम्बन, अङ्कमाल र हात नमिलाउन सन्देश प्रवाह गरेका छन् । कोरोना भाइरसबाट जोगिन साबुन र तातोपानीले कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग हात धुन अर्थात् स्यानेटाइजर जेल प्रयोग गर्न, हाच्छियुँ गर्दा रुमालको प्रयोग गर्न, हात नधोई वा स्यानेटाइजर जेलको प्रयोग नगरी आँखा, नाक र मुख नछुन, सङ्क्रमित मानिसको नजिक नजान, सभा, समारोह, भोजभतेर अर्थात् मानिसको जमघट हुने क्षेत्रबाट टाढै बस्न चिकित्सकहरूले सुझाव दिएका छन् ।

सरकारी तथा गैरसरकारी संस्था तथा स्वास्थ्य विज्ञले मात्र होइन, अमेरिका, भारत र बेलायतका सरकार प्रमुख डोनाल्ड ट्रम्प, नरेन्द्र मोदी र बोरिस जोनसनले समेत चुम्बन, अङ्कमाल र हात मिलाउनुका सट्टा दुई हात जोडेर नमस्कार गर्न शुरु गरिसकेका छन् । नमस्कार एक व्यक्तिले नजिकको आफन्त, साथीभाइ अगाडि उभिएर दुवै हातका औँला आकाशतर्फ फर्काएर गरिने अभिवादनलाई भनिन्छ । नमस्कार अथवा नमस्ते गर्नु भनेको अभिवादन गर्ने पूर्वी सभ्यताको चलन हो । कुनै व्यक्तिसँग शुरुमा मिल्ने वा बिदाइ हुने समयमा नमस्कार भनेर अभिवादन गर्ने गरिन्छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले कोभिड-१९को संज्ञा दिएको कोरोना भाइरसको लक्षण शुरुमा ज्वरो आउने, थकान महशुस हुने, सास फेर्न कठिन हुने वा मांसपेशी दुख्ने देखिन्छ । यस्तो अवस्थामा सुरक्षित साथ नजिकको अस्पताल जाने, अस्पताल जान नसकेको अवस्थामा अस्पतालमा जानकारी गराउन अनुरोध गरेको छ ।

नमस्कार संस्कृत शब्द हो । संस्कृतको नमः शब्दबाट लिइएको नमस्कारको अर्थ प्रणाम गर्नु भन्ने हुन्छ । प्रत्येक व्यक्तिभित्र ईश्वरीय तत्व हुन्छ । त्यसलाई आत्मा भनिन्छ । नमस्कार गर्दा एक व्यक्तिको आत्माले अर्को व्यक्तिको आत्मालाई अभिनन्दन वा सम्मान गरेको अर्थमा नमस्कार गरेको भन्ने अर्थ लाग्छ । दुवै हात जोडेर नमस्कार गर्नाले मनमा स्वच्छ भावनाको विकास हुन गई सकारात्मक सोचको विकास हुन्छ ।

## स्वास्थ्य ...

टुलुटुलु हेरेर नबसोस्, कडाइका साथ अनुगमन गरोस् ।’ स्वास्थ्य विमा गरेका नागरिक अस्पताल जाँदा समयमा रिपोर्ट नदिने, औषधि पनि सहजै नदिने जस्ता समस्या रहेको उनको भनाइ थियो ।

गरीब जनताले अहिले पनि सहजै स्वास्थ्य सेवा पाउन नसकेको, मृगौला पीडितहरु उपचार नपाएर रोएर हिँडिरहेको तथा पहुँचवालाको मात्रै स्वास्थ्यमा पहुँच स्थापित हुने अवस्था अन्त्य गर्न उनले सरकारको ध्यानाकर्षण गराए ।

## झापाका ...

निकाय एशियाली विकास बैंकको नीति अनुसार छनौट भएका हुन् ।

सडक निर्माणका क्रममा आयोजना सञ्चाल भएका सडक क्षेत्रका समुदायको प्रत्यक्ष सहभागिता रहने गरी सडक निर्माण भइरहेको आयोजनाले जनाएको छ । आयोजनाले अहिले देशभर ३ सय ८०.६८६ किलोमिटर सडक निर्माण गरिरहेको छ ।

झापासहित प्रदेश नम्वर १का ६ जिल्लामा आयोजनाले काम गरिरहेको र पाँचथर र इलाम, मोरङमा दुई/दुईवटा र सुनसरीमा चार तथा धनकुटामा एउटा सडक निर्माण गरिरहेको छ । कृषि सडक निर्माणसँगै स्थानीयवासी समेत उत्साहित भएका छन् । कृषकले उत्पादन गरेका कृषिजन्य सामग्री बजारसम्म पुर्‍याउन र बजारबाट अत्यावश्यक सामग्री ल्याउन समेत सहज हुने स्थानीय राजु गौतमले बताए । ग्रामीण क्षेत्र र शहरलाई जोड्न निर्माण गरिएको सडकले मुख्य भूमिका निर्वाह गर्ने गौतमको भनाइ छ ।

त्यस्तै स्थानीय भगीरथ लुइँटेलले सडक निर्माणसंगै ग्रामीण भेगका जनतालाई आवतजावतमा सहज हुने बताए । सडक निर्माणसंगै कृषि क्षेत्रको दीर्घकालीन योजना बमोजिम कृषि सडक निर्माण गरी स्थानीयस्तरमा उत्पादन र बजारबीचको अन्तरसम्बन्धलाई उत्पादनशील बनाउन पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुमा आवश्यक प्राविधिक सेवा पुर्‍याउने उद्देश्य लिइएको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले जनाएको छ । मन्त्रालयले स्थानीय पूर्वाधार नीति २०६१ अनुसार निरन्तर रुपमा कार्य गर्दै आएकोमा प्राविधिक जनशक्ति व्यवस्थापन, मापदण्ड र कार्यविधि तर्जुमा, अनुगमन, मूल्यांकन र गुणस्तर नियन्त्रण जस्ता क्रियाकलाप सञ्चालन गर्दै आएको जनाएको छ ।

## १० लाख ...

भई काठमाडौं स्वयम्भू बस्ने २६ वर्षीय अजिम बक्स मिया, आरडिजी इन्टरनेशनल सप्लायर्सका सञ्चालक काठमाडौं महानगरपालिका-२३ बस्ने २४ वर्षीय सुरज गोयल र सोही सप्लायर्सका सञ्चालक भारत राजस्थान घर भई काठमाडौं बागबजार बस्ने ३७ वर्षीय सुबास महेश्वरी रहेका छन् ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस प्रकोपबाट जोगिन मास्क र स्यानिटाइजरको प्रयोग गर्न आमनागरिकलाई अनुरोध भइरहेको समयमा बजारमा दैनिक उपभोग्य तथा औषधिजन्य सामानहरुको कृत्रिम अभाव खडा गरी कालोबजारी हुन सक्ने अवस्थालाई मध्यनजर गरी सूचना लिने तथा प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइरहेको अवस्थामा प्राप्त विशेष सूचनाको आधारमा महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले काठमाडौं कपनस्थित मिलन चोकबाट उनीहरुलाई आइतबार एक लाख ६८ हजार थान मास्क र सो बेच्न प्रयोग भएको उक्त सवारी साधनसहित पक्राउ गरेको थियो ।

अनुसन्धानको क्रममा उनीहरुले काठमाडौं चन्द्रागिरी नगरपालिका-१० विष्णुदेवीमा घर भाडा लिई आरडिजी इन्टरनेशनल सप्लायर्सका नाममा गोदाम सञ्चालन गरेको जानकारी प्राप्त भएपछि सो गोदाम आइतबार शिल गरी जिल्ला प्रशासन कार्यालय र स्थानीय निकायको प्रतिनिधिको उपस्थितिमा सोमबार बिहान तलासी गर्दा लुकाईछिपाई राखेको अवस्थामा थप ८ लाख ४० हजार थान मास्क बरामद भएको हो । उनीहरुले ३ रुपैयाँ २५ पैसा पर्ने उक्त मास्कलाई ३१ रुपैयाँ मूल्यमा बिक्री वितरण गर्न लागेको खुल्न आएको छ ।

उनीहरुलाई कालो बजारी तथा सामाजिक हितबिरुद्धको अपराध ऐन, २०३२ अन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान अगाडि बढाइएको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

## अब ...

‘खासगरी काठमाडौं उपत्यका र अन्य ठूला शहरमा ट्राफिक जामको समस्या बढेपछि विद्यालयहरु छिटो खोल्ने र छिटो बन्द गर्ने निष्कर्षमा पुगिएको हो’- शिक्षा सचिव दाहालले भने । यो निर्णय खासगरी निजी विद्यालय लक्षित छ । प्रायः सबैजसो बोर्डिङ स्कुलहरुले गाडीबाट बिद्यार्थीहरु ओसार्छन् । सार्वजनिक, सरकारी, निजी र विद्यालयका गाडीहरु समेत एउटै समयमा सडकमा निस्कँदा घण्टौं जाम हुने समस्या छ । त्यसैले नयाँ समय लागू गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पहल गरेको हो ।

प्रधानमन्त्री कार्यालयको निर्देशन अनुसार आइतबार शिक्षा मन्त्रालयले विद्यालय सञ्चालनको नयाँ समय कार्यान्वयन बारे सरोकारवालासँग छलफल गरेको थियो । छलफलमा प्याब्सन, एनप्याब्सन, हिसान, ट्राफिक प्रहरीका अधिकारी, अभिभावकका प्रतिनिधि तथा काठमाडौं, ललितपुर, भक्तपुर र मध्यपुर ठिमी नगरपालिकाका प्रतिनिधिहरु सहभागी थिए ।

शिक्षा मन्त्रालयले विद्यालय सञ्चालनको नयाँ समय लागू गराउने विषयमा सरोकारवालासँग छलफल गर्दै आएको छ । यसमा आवश्यक सुझाव दिन शिक्षा शाखा प्रमुख कृष्णप्रसाद काप्रीको संयोजकत्वमा एक समिति समेत गठन गरिएको छ ।

## फुटबल ...

डाँगीका छोराको खुकुरी प्रहार गरी सोमबार हत्या भएको प्रहरीले जनाएको छ ।

दाङको तुलसीपुर उपमहानगरपालिका-५ घरभएका २३ वर्षीय हिरा डाँगीमाथि तुलसीपुर- ६ रजौरामा सोमबार बिहान १ बजेतिर खुकुरी प्रहार भएको प्रहरीले जनाएको छ ।

तुलसीपुरका अमृत खड्कालगायत ४-५ जना युवाको समूहले डाँगीमाथि सामान्य विवादमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको थियो ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

## १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसियन होटल ट्रेनिङको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । तालिमहरु कुक, इण्डियन, चाइनिज, कन्टीनेन्टल, इटालिएन र वेटर ।

हाम्रा विशेषताहरू :

- काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
- तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याइने ।
- तालिमपछि आफ्नै कम्पनीबाट विदेश पठाइने ।
- दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।
- तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङमा पठाइने ।



सम्पर्क : होटल अलपाइन

शनिश्चरे रोड ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा

नोटः यहाँ खान/बस्नको राम्रो व्यवस्था छ ।

फोनः ०२३-५४०२३१

मो. ९८१२३५१२७१, ९८१२३५१२२६

## कर्मचारी आवश्यकता

१) **सहकारी संस्थाको बजार प्रतिनिधिः** ५ जना (एसएलसी पास)
२) **एकाउन्टेन्टः** २ जना (+२ वा सोभन्दा माथि)
३) **सब ओभरसियरः** १ (एक बर्ष अनुभव भएको Auto Cad चलाउन जान्ने)
४) **ओभरसियरः** १ जना
५) **बेल्डर :** १ जना
६) **हेल्परः** १ जना
७) **सेल्समेनः** २ पुरुष (१ बर्ष अनुभव भएको)
८) **सेक्यूरिटी गार्डः** २० जना महिला/पुरुष (दुबै सामान्य लेखपढ)

**तलबः कम्पनीको नियम अनुसार** **अन्तरवार्ताः २०७६ चैत ६ गते विहीवार**

**विराट गोर्खा सेक्यूरिटी एण्ड सप्लायर्स कम्पनी**

बिर्तामोड-५, कृषिथोक रोड

मो. ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३-५४४८३४

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।


## Arjundhara Municipality Office, Jhapa
## Province No.1, Nepal
# Invitation for Electronic Bid

Date of 1st publication: 2076/11/07 (19th Feb 2020)
Date of 2nd publication: 2076/12/04 (17th March 2020)

1. The **Arjundhara Municipality** invites Electronic bids under e-procurement system for eligible bidders for the following works.

| S.N | Description of Works | Contract Identification No. | Estimated amount NRs (Without VAT & Contingencies) | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|---|
| 1 | Pusphalal Chowk Blacktop Road Construction, Arjundhara-6 | AM/SQ/WORKS/02-076/77 | 876845.62/- | 25000/- | 1000/- |

2. **Detailed of Bid**

| Last Date and Time for Submission | Date and Time of Opening | Bid Validity Period | Bid security Validity Period |
|---|---|---|---|
| 12:00 Hrs 2076/12/11 (24th March 2020) | 14:00 Hrs 2076/12/11 (24th March 2020) | 45 days counting from the Days of Bid opening | Minimum 30 days beyond the Bid Validity period |

**Account Details For Bid Document Fee**
Name of the Bank: NIC Asia Bank
Name of Office: Arjundhara Municipality Office, Jhapa
Office Account no.:09-CA01125852407 Mulsanchit Khata

**Account Details for Bid Security**
Name of the Bank: NIC Asia Bank
Name of Office:Arjundhara Municipality Office
Office Account no.: 09-CA01125852408 Dharauti Khata

3. Eligible Bidders may obtain further information from **Arjundhara Municipality office Jhapa, Telephone number: 023-465502/023465503 email id : arjundharamun@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

दर्ता नं. : ३७२२

## पाँचथर सरोकार समाज झापा

बिर्तामोड-झापा
स्था. : २०७६

### सदस्यता वितरण सम्बन्धी सूचना

मिति २०७६ साल फागुन ३० गते शुक्रबारका दिन बसेको कार्यसमिति बैठकको निर्णय अनुसार पाँचथरबाट झापा जिल्लामा बसाईसरी आउनु भएका महानुभावहरुलाई संस्थाको साधारण तथा आजीवन सदस्य बन्नको लागि मिति २०७६ चैत्र १ गते देखि चैत्र ३० गते सम्म सदस्यता वितरण खुला गरिएको हुनाले इच्छुक महानुभावहरुलाई बसाई-सराई तथा नागरिकताको प्रतिलिपिका साथै २ प्रति फोटो सहित निम्न ठेगानामा सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछौं ।

महासचिव
सुवास भट्टराई

अध्यक्ष
कमल प्रसाद खरेल

सम्पर्क नं. : ९८५२६७७१५४, ९८५२६७२१२१, ९८५२६४३४०१, ९८५२६७७५००

## मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा प्रदेश नं. १ नेपाल

### सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ८ बस्ने श्री हरिमाया दाहालले निजको नाममा दर्ता रहेको साविक मेचीनगर-१३ हाल मेचीनगर-८स्थित जोरसिमल टोल ग्राभेल मार्गमा पर्ने कि.नं. २०१३ क्षेत्रफल १६९.३१ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम उत्तरतर्फका सधियार श्री राम गिरी मिति २०७६।१२।३ मा साँध सधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदी नाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिम उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीको सधियारहरु | कैफियत |
|---|---|---|---|---|
| १ | साविक मेचीनगर-१३ हाल-०८ कि.नं. २०१३ क्षेत्रफल १६९.३१ | लम्बाई ३५',६'' चौडाई २३',६'' उचाई १९',५'' क्षेत्रफल ८५७.७५ | पूर्व श्री विनिता गिरी पश्चिम श्री मैयादेवी खरेल उत्तर श्री राम गिरी दक्षिण श्री बाटो | |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## सामुहिक अग्रसरता चाहियो

**दक्षिण एशियाली सहयोग संगठन (सार्क)को जीवनमा प्राण सञ्चार भएको छ । कोभिड–१९ नामको महामारीले निम्त्याएको संकटको कारण सुस्त प्राय: सार्कको जीवनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अग्रसरतामा प्राण सञ्चार भएको अनुभूति गरिँदैछ । सन् २०14पछि सार्क मुलुकका सरकार प्रमुखहरु औपचारिक रुपमा कतै कुनै प्लेटफर्ममा उपस्थित थिएनन् । यसअघि सन् २०16मा पाकिस्तानमा १९औं सार्क शिखर सम्मेलन गर्ने घोषणा गरिएको थियो । त्यही समय भारतीय क्षेत्र जम्मुकास्मिरमा उत्पन्न विवादका कारण यही दुई देशबीचको विवाद उत्कर्षमा पुग्यो । त्यही कटुताका कारण पूर्वनिर्धारित सार्कको १९औं शिखर सम्मेलन हुन सकेन र सार्क स्वयम् निस्कृय बन्यो ।**

**कोरोना संक्रमणले चिसिएको सम्बन्ध सुमधुर बन्न पुग्यो भने यसलाई स्वागत नै गर्नुपर्ने हुन्छ । क्षेत्रीय सहयोग आदान–प्रदान गर्दै, सहअस्तित्व र बन्धुत्वको आधारमा सँगैअघि बढ्ने सार्कको लक्ष्य हो । यही लक्ष्यका निम्ति यसअघिका शिखर सम्मेलनहरुले नियमित भेटघाट, छलफल, प्रविधिको हस्तान्तरण र पहुँच लगायतका विषयमा साझा धारणा निर्माण गर्दै थिए । कोरोना संकटदेखिन शुरु भएपछि भारतीय प्रधानमन्त्री मोदी आफैंले भिडियो कन्फरेन्सको प्रस्ताव गरे । कन्फरेन्समा सबै सदस्यहरुको सहभागितामा आपतकालीन कोष घोषणा गरिएको छ । महामारीका रुपमा फैलिएको कोरोना आतंकविरुद्ध लड्न भारतीय प्रधानमन्त्री मोदीको यो प्रस्तावलाई सबैले समर्थन गरी साझा प्रतिबद्धता जनाए । यसले सार्कको जीवनलाई प्राण सञ्चार गराएको छ ।**

**स्थापनाको ३५ बर्षपछि चिसिएको र सुस्ताएको सम्बन्धलाई तातो बनाउने आधार बनिएको कोरोना भाइरसको संक्रमणले यस क्षेत्रमा रहेको अपार स्रोत र साधनलाई यथोचित उपयोग गरी जनताको समृद्धिमा जोड्न बल पुर्‍याउनुपर्दछ । नेपाल, भारत, श्रीलंका, बंगलादेश, पाकिस्तान, भुटान, माल्दिम्भ र पछि जोडिएको अफगानिस्तानको संगठनले दक्षिण एशियाको समृद्धि र यस क्षेत्रका जनताको जीवनस्तर उकास्ने लक्ष्यलाई हासिल गर्न सामुहिक अग्रसरता र अभियान चलाउनुपर्दछ । रोग त्यसमा पनि सरुवा, जसको न्यूनीकरण र नियन्त्रण सामुहिक प्रयासले गरिनु सबैको हितमा हुन्छ । मानिसको ठूलो शत्रु भनेकै भोक, रोग र शोक हो । त्यसैले पनि रोगका विरुद्ध लड्न आपसी स्वार्थ त्याग्नुपर्छ ।**

**भारत र पाकिस्तानका बीचको विवाद र आन्तरिक स्वार्थले अलमलिएको सार्कको अभियानलाई भिडियो कन्फरेन्सले जोड्नुपर्दछ । कोष खडा गरेर चिकित्सक र विशेषज्ञ सम्मिलित टिम स्थापना गरेर कोरोनाबिरुद्ध सामुहिक अभियान चलाउनुपर्दछ । यही अभियानले आपसी विवाद समाधान गर्न, मनोमालिन्य हटाउन र सार्कको लक्ष्य अनुरुप दक्षिण एशियाको समृद्धिमा योग पुर्‍याओस् । विश्वका डेढ सयभन्दा बढी मुलुक कोरोनाको चपेटामा परिसकेका छन् । समृद्ध देशहरु त्यसको प्रतिरक्षाका लागि स्वयम् लड्न सक्षम हुन्छन् तर नेपाल र नेपाल जस्तै विकासशील देशहरु एक्लै यो विपद्को सामना गर्न सक्दैनन् । त्यसकारण पनि कलियुगको शक्ति भनिएको संगठनका माध्यमबाट सामुहिक अभियान आजको आवश्यकता हो ।**

# सिकाइमा परियोजनाको महत्व



गंगाराम गड्तौला

सिकाइ केलाई भन्ने ? अनि सिकाइ कसरी पूर्ण हुन्छ ? हिजोआज यस विषयमा निकै चर्चा हुने गरेको छ। कक्षा शिक्षणमा विद्यार्थीले एकपटक सिकेको कुरा लिखित वा मौखिक रूपमा व्यक्त गर्न सक्यो भने सिकाइ पूर्ण भएको मानिन्छ। जसोतसो कनीकुथी सिकेको कुरा व्यक्त गर्नुलाई नै हामी पूर्ण सिकाइ मानिरहेका छौं। तर, त्यो पूर्ण सिकाइ होइन। यसैको कारण आज सिकाइ व्यावहारिक बन्न सकेको छैन। सैद्धान्तिक बन्दै गएको छ।

नानीहरूले एकपटक मरितरी भन्न वा लेख्न जाने भने स्याबासी पाउने गरेका छन्। तर, सिकाइ स्थायी बनाउने प्रयास गरिएको पाइँदैन। हरेक कामको सफलतामा धन्यवाद वा उत्प्रेरणा दिनु गलत होइन। तर, धन्यवाद वा प्रशंसा पाउन कै लागि मात्रै सिकाइ गर्ने हो भने यसले गलत धारणा बसाउँछ। खाना खान समेत कुनै पुरस्कार दिनुपर्ने अवस्था आइरहेको छ। आफ्नो नित्यकर्म गर्नलाई पनि प्रशंसा वा पुरस्कारको चाहना गर्न थालेका छन् केटाकेटीले। यस्तो प्रक्रियाले सिकाइलाई पनि प्रभावित बनाइरहेको छ।

आजको समस्या सिकाइको अस्थायीकरण हो। सिकाइलाई स्थायी बनाउने हो भने अधिकांश समस्या समाधान हुन्छन्। मनोवैज्ञानिकहरूले स्थायी सिकाइलाई जोड दिएका छन्। कोहलर, प्याभलब तथा स्किनर जस्ता मनोवैज्ञानिकका प्रयोगहरू स्थायी सिकाइमा केन्द्रित छन्। हामीले पढेका पनि छौं। तर, हामी स्थायी सिकाइको अभ्यासमा गएका छैनौं।

मनोवैज्ञानिकहरूले पहिलो पटकको सिकाइलाई सिकाइप्रतिको धारणा मात्र मानेका छन्। त्यसलाई स्थायित्व दिन पटक-पटक वा बारम्बारता आवश्यक छ भनेका छन्। यसैले सिकाइका लागि बारम्बारता एक अपरिहार्य सर्त हो। स्थायी सिकाइका लागि बारम्बारता चाहिन्छ। सिकिसकेको कुरा दोहोर्‍याउनु अति आवश्यक छ। अभ्यस्त बन्नु जरुरी छ। तर



अचेल बालबालिकाले बारम्बारताको अवसर पाउन छाडेका छन्। कुनै पनि कुरामा अभ्यस्त बनाउने प्रयास गरिँदैन। जसोतसो एक पटक जानेपछि त्यसैलाई पूर्ण मानिन्छ। कक्षा चढाइन्छ। उत्तीर्ण गराइन्छ। उत्तीर्ण गराउनु, कक्षा चढाउनु गलत होइन। तर, बारम्बारता बिनाको सिकाइ अस्थायी हुन्छ। उत्तीर्ण भएर अर्को कक्षामा गएपछि पनि दोहोर्‍याउन सकिन्छ।

विशेषगरी साना कक्षामा बारम्बारता अति महत्वपूर्ण छ। अक्षरको तहबाट शब्दको तहमा लैजाँदा अक्षरहरू दोहोरिएका हुन्छन्। तिनलाई प्रयोगमा बारम्बारता अपनाउनु जरुरी छ। नर्सरी कक्षामा सिकेका वर्ण, मात्रा र अङ्कहरू दोस्रो कक्षाको एक त्रैमासिकसम्म पुनः दोहोर्‍याउनु पर्दछ। तर, हामी पाठ्यपुस्तक हेरेर पढाउँछौं। पाठ्यपुस्तकलाई सिधै प्रयोग गर्न थाल्छौं। अर्थात् ठूलो कुरा सिकाउनेतिर हाम्रो ध्यान जान्छ। ठूलो कुरा सिक्न त्यसको आधारभूत पक्ष राम्ररी जानेको हुनुपर्छ। तर, यो कुरा विस्मृत भइसकेको हुन सक्छ। अनि आधारभूत कुरा बिस्तारै बिर्सँदै जाने बन्दछ।

सिकाइलाई स्थायी बनाउने कार्य बारम्बारतामा मात्र सीमित रहँदैन। गरेर सिक्ने (Learning by doing) सिद्धान्त पनि एक हो। यसको एउटा साधन हो परियोजना कार्य। परियोजना कार्यमा विद्यार्थीले आफैले गरेर सिक्ने अवसर पाउँछन्। तर, परियोजनालाई व्यावहारिक, पाठ्यक्रम अनुकूल एवम छरितो बनाउन भने सक्नुपर्छ। हरेकजसो विषयका हरेक पाठमा परियोजना गर्न सकिन्छ। तर, परियोजना कार्य अधुरो भयो भने यसको अर्थ रहँदैन। परियोजनाका लागि समूह विभाजन, शीर्षक छनौट, खोज-अनुसन्धान, तयारी तथा प्रस्तुतीकरण जस्ता विषयमा ध्यान दिनुपर्दछ। हामी कहाँ परियोजना कार्यलाई त्रैमासिक वा मासिकरूपमा दिने चलन त देखिन्छ। तर, त्यसलाई प्रस्तुतीकरणसम्मको तहमा पुर्‍याएको पाइँदैन।

प्रस्तुत नगरुञ्जेल परियोजना पूर्ण हुँदैन। परियोजनाको शीर्षक लेखेपछि प्रस्तुत गर्नेसम्मका सबै चरण विद्यार्थीले आफैं सम्पन्न गरे भने त्यो कुरा कहिल्यै बिर्सँदैनन्। यसैले परियोजना दिँदा दैनिक जीवनमा आइपर्ने, व्यवहारमा लागू हुने, अनुशरण गर्न सकिनेखालका शीर्षकमा दिनुपर्दछ। तर, मुख्य कुरा चाहिँ परियोजना कार्य खर्चिलो, झन्झटिलो र अव्यावहारिक हुनुहुँदैन। विद्यार्थीमा स्थायी तथा व्यावहारिक शिक्षा आजको आवश्यकता हो। सिकेको कुरालाई दोहोर्‍याउने अवसर पाउनुपर्छ। त्यसैगरी आफैले भोगेर वा गरेर सिकेको कुरा दिमागमा स्थायी रूपमा रहिरहन्छ। यसका लागि शिक्षकले बारम्बारता सिकाइ तथा परियोजना सिकाइको माध्यम अपनाउनु जरुरी छ। हिजोका शैक्षणिक विधि अब पुराना बन्दै गएका छन्। एक्काइसौं शताब्दीमा युग सुहाउँदो शिक्षा दिन हामी आफै बदलिनु जरुरी छ।

*(गड्तौला कर्णाली एजुकेसन फाउन्डेशन बुद्धशान्तिका प्राचार्य हुन्।)*

## कांग्रेसको क्रियाशील सदस्यता वितरण गरिँदै

**झापा, चैत ३।** नेपाली कांग्रेसले पार्टीको १४औं महाधिवेशनको तयारीका लागि नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणको कामलाई तीव्रता दिएको छ।

पार्टी विधानले तोकेको कार्यविधि बमोजिम प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्न शुरु गरेको कांग्रेसले जनाएको छ।

पार्टीको अन्तरिम संरचना समायोजनको कार्य सम्पन्न गरेका कांग्रेसका ३५ जिल्ला कार्यसमितिले हालसम्म नयाँ सदस्यता र नवीकरणका लागि केन्द्रीय कार्यालयबाट फारम लगिसकेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। जिल्ला कार्यसमितिले विद्यमान संख्या बराबर नवीकरणका लागि र त्यसको ५० प्रतिशत नयाँका लागि क्रियाशील सदस्यता फाराम लगेको उनले बताए। क्रियाशील सदस्यता वितरण र नवीकरणका लागि गत फागुन १६ गतेदेखि फारम वितरण शुरु गरी यही चैतसम्म सम्पन्न गर्नुपर्ने कार्यतालिका सार्वजनिक गरिएको छ।

संगठनमा महत्वपूर्ण मानिने कांग्रेसका क्रियाशील सदस्य संख्या हाल स्वदेश र विदेश (कांग्रेसका जनसम्पर्क समिति) गरी करिब पाँच लाख रहेको पार्टी कार्यालयले जनाएको छ। केन्द्रीय कार्यसमितिको गत माघ २९ गतेको बैठकले विद्यमान क्रियाशील सदस्य संख्याको बढीमा ५० प्रतिशत नयाँ क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो।

त्यसैगरी कांग्रेसमा समायोजन भएका नेपाल लोकतान्त्रिक फोरम, अखण्ड नेपाल, नेपाल समता पार्टीलगायत दल र पार्टीको जागरण अभियानका क्रममा देशभर विभिन्न राजनीतिक दलबाट कांग्रेसमा प्रवेश गरेका नेता कार्यकर्तालाई पनि छानबिन गरी आवश्यकता अनुसार क्रियाशील सदस्यता प्रदान गरिने उनले बताए।

काँग्रेसले मुलुकको नयाँ संघीय संरचनाअनुसार पार्टीको अन्तरिम संरचना समायोजनको काम पनि अन्तिम चरणमा पुगेको जनाएको छ। पार्टी कार्यालयका अनुसार हालसम्म ५० जिल्लाले पूर्ण र बाँकी जिल्लाले ९० प्रतिशत समायोजनको काम सम्पन्न गरेका छन्।

पार्टीको अन्तरिम संरचना समायोजनको कार्य नसकी क्रियाशीय सदस्यता वितरण गर्न नपाइने भएकाले स्थानीयस्तरमा समायोजन सम्पन्न गर्न जिल्ला कार्यसमितिलाई दबाब बढेको छ।



कांग्रेसले क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न तथा पार्टीका विभिन्न तहका साङ्गठनिक संरचनाको अधिवेशन र केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने प्रयोजनका लागि मात्र विधानका केही दफा निलम्बन समेत गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए। पार्टी विधानको दफा ४ मा कांग्रेसमा सदस्य र क्रियाशील सदस्य रहने व्यवस्था गरिएको छ। कांग्रेसको सदस्यता प्राप्त गरेको सदस्यले एक वर्ष पुगेपछि मात्र क्रियाशील सदस्यता प्राप्त हुने विधानको व्यवस्था छ। केन्द्रीय समिति बैठकले १४औँ महाधिवेशनका लागि 'साधारण सदस्यता लिएको एक वर्ष पुगेपछि' मात्र क्रियाशील सदस्यता प्राप्त हुने प्रावधानलाई निलम्बन गरेको छ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले वितरण गरेको नयाँ क्रियाशील सदस्यता र जिल्ला कार्यसमितिले नवीकरण गरेको क्रियाशील सदस्यताको सूची प्रकाशन, केन्द्रमा पठाउने, छानबिन गरी केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची २०७७ साल साउनसम्म केन्द्रीय निर्वाचन समितिलाई बुझाउनुपर्ने अवधि निर्धारण गरिएको प्रवक्ता शर्माले बताए।

कांग्रेसले १४औं महाधिवेशनका लागि गाउँ/नगर वडा अधिवेशन-२०७७ साल कात्तिक १६ गते, गाउँ/नगरपालिका अधिवेशन कात्तिक १८ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन कात्तिक २१ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २३ गते गर्ने निर्णय गरेको थियो। यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २५ गते, प्रदेश अधिवेशन मंसीर २९ गते र केन्द्रीय महाधिवेशन २०७७ साल फागुन ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ।

कांग्रेस महामन्त्री पूर्णबहादुर खड्काले गत फागुन १३ गते नै सबै जिल्ला कार्यसमितिलाई क्रियाशील सदस्यता वितरण र नवीकरण सम्बन्धी परिपत्र समेत गरिसकेका छन्। परिपत्र अनुसार क्रियाशील सदस्यता नवीकरण फारम केन्द्रबाट जिल्ला सभापति वा जिल्ला सभापतिले लिखित अख्तियारी दिएको व्यक्तिले मात्र बुझ्नसक्ने व्यवस्था छ।

कांग्रेसको नियमावली बमोजिम क्रियाशील सदस्यता नवीकरण शुल्क रु. दुई सय लाग्नेछ भने नयाँ क्रियाशील सदस्यता आवेदन शुल्क रु. तीन सय लाग्छ। जिल्लामा पठाइएका क्रमसंख्या अनुसारका क्रियाशील सदस्यता फारम (नवीकरण/नयाँ) जुन जिल्ला र मातहत निकायलाई दिइएको छ, सोही जिल्ला र मातहत निकायमा मात्र प्रयोग गर्नुपर्ने परिपत्रमा उल्लेख छ।

परिपत्रमार्फत अन्य राजनीतिक दलको विभिन्न पदीय जिम्मेवारीमा रहेका वा सक्रिय सदस्य रहेका र सो पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गरेका व्यक्तिहरुको विवरण पार्टीमा दिनुपर्ने पदीय जिम्मेवारी र क्रियाशील सदस्यताको सिफारिस समेतको पार्टी केन्द्रीय कार्यालयमा पठाउनका लागि सबै जिल्लालाई अनुरोध गरिएको छ।

जिल्लाबाट प्राप्त त्यस्तो नामावली केन्द्रबाट स्वीकृत भएपछि क्रियाशील सदस्यता (नवीकरण/नयाँ) का लागि अतिरिक्त केन्द्रबाट थप फारम उपलब्ध गराइने परिपत्रमा उल्लेख छ।

## आगलागीले १० लाखको क्षति

**हल्दिवारी, चैत ३।** हल्दिवारी गाउँपालिका साविक गोलधाप-७मा सोमवार दिउँसो आगलागी हुँदा १० लाख मूल्य बराबरको क्षति भएको छ।



स्थानीय हेमबहादुर दाहालको भान्सा घर र गोठमा लागेको आगोले उक्त मूल्य बराबरको धनमाल नष्ट गरेको प्रहरीले जनाएको छ।

स्थानीय, प्रहरी, भद्रपुर र विर्तामोडबाट आएको दमकलको सहायताले आगलागी नियन्त्रणमा लिएको गोलधाप १का वडाध्यक्ष त्रिलोचन सापकोटाले बताए। समयमै आगो नियन्त्रणमा लिएकोले वरपरका घरहरूमा क्षति नभएको उनले बताए।

## 'स्प्राईट लगाउँ, प्यास बुझाउँ'

**काठमाडौं, चैत ३।** स्प्राईटले समर क्याम्पेन 'स्प्राईट लगाउँ, प्यास बुझाउँ' को टीभीसी सार्वजनिक गरेको छ। गर्मीको आगमनसँगै स्प्राईटले उपभोक्ताहरुलाई शीतल राखेर घामको तापमा पनि स्पष्टसंग सोच्न सक्ने अल्टिमेट रिफ्रेसरको रुपमा आफूलाई प्रस्तुत गर्दै आएको छ।

नयाँ टीभीसीमा स्प्राईटकै ब्राण्ड एम्बेसेडर अनमोल केसी रहेका छन्। यो विज्ञापन हाम्रो दैनिक अवस्थाको वरिपरि रहेर बनाइएको छ, जहाँ हामी सार्वजनिक यातायातमा आपत्तिजनक व्यक्तिहरुको सामना गर्छौं, जो कोलाहपूर्ण र देखावटी गर्ने स्वभावका हुन्छन्, जसले सबैको सवारीलाई अप्रिय र असहनीय बनाउँदछ।

टीभीसीको शुरुवातमा गर्मीको दिनमा पसिनाले धेरै भिजेका अनमोल केसी बस स्टपमा बस पर्खिरहेका हुन्छन्। अनमोल बसमा चढ्छन् र एउटा मात्र खाली रहेको सिटमा बस्न लागिरहँदा एक जना आपत्तिजनक मानिसले उसलाई धक्का दिएर आफू बस्छ। पहिले नै बस एकदम भीड थियो, त्यसमाथि गर्मी पनि थियो, तर त्यो मानिसको असभ्य व्यवहारले अझ बढी असहनीय बनाइरहेको हुन्छ। उसले बसको सहचालकसहित सबैलाई दिक्दार बनाउँदै एसीको माग गरिरहेका हुन्छन् र मौसमको बारेमा गुनासो गरिरहेका हुन्छन्। जब उसको व्यहोराले सबैको




पारो तातायो, अनमोल केसीले आफूलाई चिसो स्प्राईटले शान्त बनाए। त्यसपछि अनमोलले असभ्य मान्छेलाई हेरे र तीक्ष्ण तरिकाले स्प्राईटको बोतल देखाउँदै 'हाम्रो एसी' भनेर उद्धृत गरे। असभ्य मान्छे आश्चर्यचकित भयो र अनुहारमा असजिलोपन महशुस गर्दै बस्यो।

टीभीसीका बारेमा कोका-कोला नेपालका कन्ट्री डिरेक्टर अम्बुज सिंहले भने- हामी सबैले चुनौतिपूर्ण व्यक्तिहरु भेटेका हुन्छौं, जसले कहिलेकाहिँ हाम्रो धैर्यताको जाँच गर्दछन्। स्प्राईट जहिले पनि एक रिफ्रेसिङ्ग पेय पदार्थको रुपमा परिचित छ, जसले हामीलाई शान्त राख्न मद्दत गर्दछ। तसर्थ जब परिस्थितिमा समस्या उत्पन्न हुन्छ र हाम्रो धैर्यताको जाँच हुन्छ, तब चिसो स्प्राईट पिउनुहोस् र आफूलाई शान्त राख्नुहोस्।

## लागूऔषधसहित तीन जना पक्राउ


**बिराटनगर, चैत्र ३।** मोरङ र सुनसरी जिल्लाका दुई स्थानबाट नियन्त्रित लागूऔषधसहित तीन जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीको टोलीले सुनसरीको धरान उपमहानगरपालिका-१५ का २२ बर्षीय निशान लिम्बूलाई नटफिन ५० पिस, डाईजोल्याप ५० पिस र एभिल ५० पिससहित बिराटनगरको सजिलो बजार छेउबाट पक्राउ गरेको हो।

यसैगरी लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरीको टोलीले सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ बाट दुई जनालाई पक्राउ गरेको छ।

बिशेष सूचनाको आधारमा उक्त स्थानमा खटिएको टोलीले को३५प ६४१८ नम्बरको मोटरसाइकलमा सवार रहेका भोक्राहा नरसिंह गाउँपालिका-४का २४ बर्षीय अरुण यादव र सप्तरीको छिन्नमस्ता गाउँपालिका-४का २० बर्षीय बिबेक यादवको साथबाट नाईट्रोभेट ७५० क्याप्सुल, स्पास्मोप्रोक्सिवन ११६० क्याप्सुल र डाईलक्स डिसी १०० एम.एल.को २९ बोतल बरामद गरेको हो। लागूऔषधसहित पक्राउ परेका तीनै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# दमकका बजारमा मिति गुज्रिएका खाद्य सामग्री



**दमक, चैत ३।** झापाको दमक बजार अनुगमनको क्रममा अधिकांश पसल तथा सुपरमार्केटहरुमा उपभोग्य मिति सकिएका खाद्य सामग्रीहरु बिक्री वितरण भइरहेको पाइएको छ ।

खाद्य सामग्रीहरुको अभाव हुन सक्ने भन्दै भ्रम फैल्याएर उपभोग्य मिति समाप्त भएका सामग्रीहरु बजारमा ल्याइएको हुनसक्ने पाइएको दमक नगर अनुगमन समितिका संयोजक भीम पौड्यालले बताए ।

दमक नगरपालिका प्रमुख रोमनाथ ओलीसहितको टोली बजार अनुगमन गर्ने क्रममा बालबालिकाले खाने बिभिन्न उत्पादन तथा अन्य खाद्य सामग्रीहरु पनि उपभोग्य मिति समाप्त भएको पाइएको हो । १५ वटाभन्दा बढी पसल अनुगमन गर्दा सबैमा केही न केही उपभोग्य मिति समाप्त भएको खाद्य सामग्री भेटिएको पौड्यालले बताए ।

गर्मी मौसम शुरु भएको अवस्थामा पेप्सी, कोकोकला, फ्यान्टा ड्यु लगायतका चिसो पेयपदार्थहरु पनि उपभोग्य मिति समाप्त भएको पाइएको र त्यस्ता सामग्रीहरु नष्ट गरिएको दमक नगरपालिकाका अधिकृत यज्ञ निरौलाले बताए । बारम्बार सम्झाउँदा पनि नभएपछि सामान उठाउन थालिएको उनले बताए ।

दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीले बारम्बार अनुगमन गर्दा पनि उपभोग्य मिति समाप्त भएका सामग्रीहरु भेटिएकाले अब त्यस्ता पसल तथा विक्रेताहरुलाइ कानूनी कार्वाही नै गर्नतर्फ नै लाग्नु पर्ने देखिएको र वालबालिकाले खाने उपभोग्य सामग्रीमा झनै जटिलता देखिएको बताए ।

दमक उद्योग बाणिज्य सघका उपाध्यक्ष राजु खड्काले बजारको अवस्था नराम्रो रहेको भेटिएको बताए । जुन पसलमा गयो त्यही पसलमा उपभोग्य मिति समाप्त भएको सामग्री देख्दा हामिलाई अप्ठेरो लागेको छ- उनले भने- नगरपालिकाले गर्ने कार्वाहीमा साथ दिन्छौं ।

# पूर्वी नाकामा स्वयम्सेवक परिचालन

**मेचीनगर, चैत ३।** पूर्वी नाका काँकरभिट्टाबाट कोभिड-१९को संक्रमण फैलन नदिन र जाँच व्यवस्थित बनाउन मेचीनगर नगरपालिकाले स्वयम्सेवक परिचालन गरेको छ ।

नगरभित्रका विभिन्न संघ-संस्थाका ४० प्रतिनिधिको टोलीले आलोपालो गरेर बिहान ६देखि बेलुका १० बजेसम्म भीडभाड व्यवस्थापन गर्ने तथा अनावश्यकरुपमा भारततिर नजान अनुरोध गरेको छ ।

मेची उद्योग वाणिज्य संघको अध्यक्षतामा नगरपालिकाले विभिन्न संघ-संस्थाका प्रतिनिधिसहितको स्वयम्सेवक परिचालन समिति गठन गरेपछि उनीहरु सोमवारदेखि सक्रिय भएर नाकामा काम गर्न थालेका हुन् । स्वयम्सेवकका रुपमा काम गर्नेलाई मेची उद्योग वाणिज्य संघले पाँच इन्फोरेट थर्मोमिटर (ज्वरो नाप्ने यन्त्र), एप्रोन, मास्क, टोपी र पञ्जाको व्यवस्था गरेको संघका अध्यक्ष ऋषि तिम्सिनाले बताए । उनका अनुसार दैनिक ४० जनाले चार टोली बनाएर दिनको चारचार घण्टा नाकामा बसेर स्वयम्सेवक काम गर्नेछन् ।

टोलीमा उद्योग वाणिज्य संघ, माइती नेपाल, रोटरी क्लब, ट्राभल्स संघ, जेसिज, होटल व्यवसायी संघ, नेपाल रेडक्रस सोसाइटी, नाइटचेस क्लब, मानव बेचबिखनविरुद्धका क्षेत्रमा काम गर्ने सबै संघ-संस्थालगायत १६ वटा संस्था रहेको उनले बताए । दैनिक १० हजारभन्दा बढीको संख्यामा भारततिरबाट नेपाल मान्छेहरु आउँदा रहेछन्- संघका अध्यक्ष तिम्सिनाले भने- पूर्वी नाका मुख्य भएको र यहाँ हेल्थ डेस्कमा रहेका पाँच जना स्वास्थ्यकर्मीबाट मात्र सतर्कता अपनाउन र ज्वरो नाप्न सम्भव नभएपछि हामी लागेका हौं ।

उनले मेची उद्योग वाणिज्य संघले खरिद गरेर ल्याएको पाँच र सहायता कक्षमा नगरपालिकाले दिएको तीन इन्फोरेट थर्मोमिटरले समेत अपुग भएका कारण थप १५ थर्मोमिटर भारतको सिलगुढीबाट मगाइसकिएको बताए । मेचीनगर नगरपालिकाका उपप्रमुख मीना उप्रेतीले पूर्वी नाका प्रदेश नं. १कै मुख्य नाका भएको हुँदा उच्च सतर्कता अपनाउनुपर्ने र सचेतनामूलक कार्यक्रम गर्ने उद्देश्यले समिति गठन गरिएको बताइन् । उनले नगरपालिकाले समितिलाई चाहिने आवश्यक सामग्री खरिद गरेर उपलब्ध गराउने बताउँदै भनिन्- नाकामा आवश्यक कामबाहेक भारततिर ओहोरदोहोर गर्नेलाई समेत समितिले रोक्छ ।

## सीमावर्ती बजार सुनसान

**इलाम, चैत ३।** सीमावर्ती बजार पशुपतिनगर यतिबेला सुनसान भएको छ । कोभिड-१९को प्रकोप फैलन सक्ने भन्दै भारतको पश्चिम बङ्गाल सरकारले सीमामा 'शिल' गरेपछि इलामका सीमावर्ती बजारहरु सुनसान भएका हुन् ।

बंगाली पर्यटकको घुइँचो लाग्ने पशुपतिनगर बजारमा हाल पर्यटकहरु आवतजावत गर्न छाडेका छन् । प्रायः पसलका सटरहरु पनि बन्द नै हुने गरेका छन् । भारतीय पर्यटकको भीड लाग्ने पशुपतिनगर, मानेभञ्ज्याङ, छब्बिसे, जौबारी, सन्दकपुरलगायत सीमावर्ती बजार र पर्यटकीयस्थल प्रायः सुनसान भएका हुन् ।

पशुपतिनगर नाका भएर भारत गएका पर्यटकलाई भने झापा काँकरभिट्टा नाकाबाट पठाउने भारतीय अधिकारीले जनाएका छन् । पशुपतिनगरका नेपाल प्रहरी प्रमुख रमेश राईले नेपालतर्फ सुरक्षित अवस्था रहे पनि उच्च सजगता अपनाइएको बताए । अहिलेसम्म सात भारतीय नागरिकमा उच्च ज्वरो आएको देखिएकाले भारततिरै फर्काइएको उनले बताए । सूर्योदय नगरपालिकाले सञ्चालन गरेको सहायता कक्ष 'हेल्प डेस्क' मा परीक्षण गराउँदा उनीहरुमा उच्च ज्वरो देखिएको थियो ।

पशुपतिनगरमा स्थापना गरिएको हेल्प डेस्कमा फागुन २२ गतेबाट हालसम्म सात हजारभन्दा बढीको स्वास्थ्य जाँच गरिएको नगरपालिका प्रमुख रणबहादुर राईले बताए । भारत प्रवेश गर्नेको भारततर्फ नै स्वास्थ्य जाँच गरिँदै आइएको छ । नेपाल प्रवेश गर्नेको नेपालतर्फ स्वास्थ्य जाँच गरिँदै आएको छ । दुवै देशको सीमा क्षेत्रमा हेल्प डेस्क स्थापना गरिएको सीमा क्षेत्रमा नगरपालिकाले पशुपतिनगर स्वास्थ्य केन्द्रमा चिकित्सकसहितको स्वास्थ्य टोली आकस्मिक सेवा दिने गरी तयारी अवस्थामा राखेको छ ।

# गौतमको स्मृतिमा रक्तदान



**विर्तामोड, चैत ३।** रामचोकका सक्रिय युवा एवम् क्रिकेट खेलाडी स्व. सूर्य गौतमको १४औं स्मृति दिवस विविध कार्यक्रम गरी मनाइएको छ ।

रामचोक युवा समूहको आयोजनामा रक्तदान, महिलाको पाठेघरको मुखको क्यान्सर जाँच लगायत गरी स्मृति दिवस मनाइएको हो । झापामा भइरहेको रगत अभाव टार्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी विर्तामोड उपशाखाको प्राविधिक सहयोगमा भएको कार्यक्रममा ४३ जनाले रक्तदान गरेको रामचोक युवा समूहका सचिव राजु गौतमले जानकारी दिए ।

सोही कार्यक्रममा नेपाल परिवार नियोजन संघ भद्रपुर र स्वास्थ्य चौकी चारपानेको प्राविधिक सहयोगमा महिलाको पाठेघरको मुखको क्यान्सर जाँच गरिएको थियो । कार्यक्रममा ६० जना महिलाले सेवा लिएको समूहका सचिव गौतमले जानकारी दिए ।

त्यस्तै मोहनमाया माविमा अध्ययनरत् विपन्न परिवारका चार जना विद्यार्थीको परिवारको स्वास्थ्य विमा गरिएको थियो भने सोही विद्यालयमा कक्षा ११ मा अध्ययनरत् विपन्न परिवारका एक जनालाई एक वर्षको शुल्क र शैक्षिक सामग्री प्रदान गर्ने घोषणा गरिएको थियो ।

संस्थाका अध्यक्ष लेखनाथ खनालको अध्यक्षता तथा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा टीकेन्द्र खनालले औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा संस्थाको स्तरोन्नतिका लागि स्व. सूर्य गौतमका वुवा तुलसी गौतमले नगद ५१ हजार प्रदान गरेका थिए ।

कार्यक्रममा पत्रकार ज्ञानेन्द्र निरौला, खगेन्द्र ढकाल, कमल मिश्र लगायतले स्व. गौतमले पुर्‍याएको योगदानको चर्चा गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव राजु गौतमले गरेको सदस्य भगीरथ लुइँटेलले जानकारी दिए ।


# होमस्टेमा जबरजस्ती करणी

**झापा, चैत ३।** १९ वर्षीय किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कोहलपुर नगरपालिका-२ आनन्दनगर बस्ने २८ वर्षीय चित्रबहादुर थापालाई प्रहरीले पक्राउ गरेको छ ।

ती किशोरीलाई घरसम्म पुर्‍याइदिन्छु भन्दै भे.१ च २२९७ नम्बरको भ्यानमा राखी बैजनाथ गाउँपालिका-४ गाबरस्थित होमस्टेमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## उज्यालो यातायात प्रा.लि.





विर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## नि:शुल्क स्वास्थ्य शिविर

यही फागुन ११ गते आइतबारका दिन काठमाडौंबाट आउनुहुने पाइल्स, फिसर, फिस्टुला रोगका अनुभवी आयुर्वेद डा. राजकुमार शाह र हाडजोर्नी, नशा तथा प्यारालाइसीसका अनुभवी फिजियोथेरापिस्ट डा.भगवान शाहद्वारा नि:शुल्क स्वास्थ्य जाँच गरिने भएकोले यथाशीघ्र नाम टिपाइ मौकाको फाइदा उठाउनुहोस् ।

**उपचार हुने अन्य समस्याहरु :**

ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, खोकी, पिनास, थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातिको दाग, महिला तथा पुरुषका गुप्त रोग, एलर्जी, पोतो, डण्डीफोर, माइग्रेन, अनिन्द्रा, बाथ, युरिक एसिड, कम्मर रगर्दन दुख्ने, घुडा जोर्नी दुख्ने, नशा च्यापिएको, हड्डी खिइएको, शरीर झमझमाउने, मुख बाङ्गिएको, कुम जाम भएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड झापा (अदुवा खोला पुल पश्चिम हाइवेसँगै)

फोन न ०२३-५४१४६६/९८०६०००३१३

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला । **Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुर्‍याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

विगत लामो समयदेखि आधिकारिक रुपमा नेपाल सरकारको इजाजत प्राप्त सेक्युरिटी दिँदै आएको (सेभेन स्टार सेक्युरिटी सर्भिस) प्रा.लि. शाखा कार्यालय बिर्तामोडले देश तथा विदेशबाट पूर्ण अनुभव प्राप्त दक्ष प्रशिक्षकद्वारा नि:शुल्क तालिम दिलाइ सेक्युरिटी समबनधी पूर्ण ज्ञान दिँदै शारीरिक रुपमा, मानसिक रुपमा एवम् आत्मरक्षा सम्बन्धी पनि प्रशिक्षण दिलाउने हुँदा यथाशीघ्र मौकाको फाइदा उठाइ आफूलाई आत्मनिर्भर दिलाउनु हुन यो सूचना प्रकाशित गर्दछौं ।

**तालिमको किसिम :**


१) सेक्युरिटी तालिम २) बडीगार्ड तालिम
३) पर्सनल बडीगार्ड तालिम ४) मार्शल आर्ट (बेसिक) तालिम

**सम्पर्कः बिर्तामोड, भद्रपुररोड**

०२३-५४६६२४, ९८५२६७३९५५, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८०१४१६८४२

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

| (हल ए) हिन्दी सिनेमा | (हल बी) नेपाली सिनेमा |
|---|---|
| पहिलो शो ११:४५ | पहिलो शो ११:४५ |
| **Baaghi-3** | **Baaghi-3** |
| दोस्रो शो २:४५ | दोस्रो शो २:४५ |
| **Baaghi-3** | **Baaghi-3** |
| तेस्रो शो ६:४५ | तेस्रो शो ६:४० |
| **Baaghi-3** | सुभव मंगल ज्यादा साधावन हिन्दी |



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,

बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)

बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

# वर्गीकृत विज्ञापन

## कर्मचारी आवश्यकता

Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

## हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ७७,५००।-
तेजावी सुन : ७७,२००।-
असल चाँदी : ८०५।-

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो.९८१५९५२४९९
९८४१३२१४६४

## आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

*यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*


**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## सम्झनुहोस्

लोप हुँदै गएका पुराना तथा सांस्कृतिक गरगहना र हरेक किसिमका आधुनिक ढंगबाट बिना रसायन तयार गरिएका आकर्षक गरगहना उचित मूल्यमा खरिद गर्नुपरेमा तुरुन्तै सम्पर्क गर्नुहोला ।

**प्रो. श्रीप्रसाद पोर्तेल** (मो. ९८१४०७०५०२)

**पाँचथरे पाथीभरा ज्वेलर्स,**

दमक-१, झापा
(फाल्गुनन्द चौकको २० मिटर उत्तर)

(नोटः घर जग्गा किनबेचको कारोबार समेत गरिने हुँदा सम्पर्क गर्नुहोला । )

## सटर बिक्रीमा

मुक्तिचोकस्थित पोखरेल मार्केट (लक्ष्मी ट्राभल्स) भित्र खाली सटर तु-बिक्रीमा छ ।

सम्पर्कः ९८४२६२३६०६, ९८१५००४९०६

## घर बिक्रीमा

अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ ।

सम्पर्कः ९८१००९१६८०, ९८१६९५३९११

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।







ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका आफन्तहरू नजिकिन सक्छन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रमाइलो जमघटकाबीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । साँझतिर लेखन तथा सिर्जनात्मक काममा रुची बढ्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुनेछ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । खर्च लागे पनि लामो यात्रा सम्भावना छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । साँझतिर आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** आम्दानीका स्रोत सबल देखिए पनि परिस्थितिवश खर्च बढ्नेछ । नपुग रकम कर्जामार्फत जुटाउनुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ । व्यापार बढे पनि लाभांश कमजोर हुने देखिन्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** साँझतिर फजुल खर्च बढ्नाले चिताएको कामलाई रकम अभाव हुनेछ । केही खर्च लागे पनि देशविदेश घुम्ने अवसर भने प्राप्त हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व हातलागी हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** साँझतिर श्रमको उचित मूल्यांकन हुनेछ भने प्रतीक्षा गरिएको काम बन्न सक्छ। व्यापारमा प्रशस्त फाइदा हुनेछ।